# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपुर (बर्दघाट सुस्तापूर्व)
गण्डकी प्रदेश, नेपाल

☎ ०७८-५७५२९६


प.सं.:

च.नं.:

मिति: ..........................

## करारमा पदपुर्ति गर्ने सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७९/१०/१८)

देवचुली नगरपालिकामा देहाय बमोजिमको पद र संख्यामा देहाय बमोजिमको योग्यता भएका प्राविधिक कर्मचारी सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण र नगरपालिकाको राजश्व शाखामा राजश्व तिरेको सक्कलै रसिद सहित यस कार्यालयको प्रशासन शाखा/स्वास्थ्य शाखामा दरखास्त दिनुहुन सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**१. विज्ञापन नम्बर र सेवा सम्वन्धि विवरण**

| विज्ञापन नं. | पद | तह | माग संख्या | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|
| १०-०७९/०८० | इन्जिनियर | अधिकृत छैटौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा कम्तीमा बी.ई. वा सो सरह उतिर्ण भई ईन्जिनियरिङ काउन्सिलमा दर्ता भएको |
| ११-०७९/०८० | कृषि स्नातक | अधिकृत छैटौं | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह उत्तीर्ण भएका |
| १२-०७९/०८० | अ.न.मी. | सहायकस्तर चौथो | ३ | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उतिर्ण गरी सम्बन्धित परिषदमा दर्ता भएको |

२. दरखास्त दिने अन्तिम मिति : मिति २०७९/११/३ गते कार्यालय समय भित्र

३. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको, महिला र अपाङ्गताको हकमा ४० वर्ष ननाघेको ।

४. आवेदन शुल्क :अधिकृतस्तरको लागि रु.१,०००।- र सहायकस्तरको लागि रु.५००।-

५. छनौटको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित र अर्न्तवार्ता

६. परीक्षा मिति : योग्य ठहरिएका आवेदकहरु मध्येबाट प्रारम्भिक योग्यताक्रमको आधारमा मिति तोकी लिखित परीक्षाको लागि बोलाईनेछ ।

७. दरखास्त फारमका साथ संलग्न कागजातहरु : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- क. नागरिकता प्रमाण पत्र
- ख. शैक्षिक योग्यताको प्रमाणपत्र
- ग. चारित्रिक प्रमाण पत्र
- घ. २ प्रति पासपोट आकारको फोटो
- ङ. अनुभव भए सो को कागजात
- च. दलित, अतिविपन्न र सिमान्तकृत वर्ग भए प्रमाण खुल्ने कागजात

..........................

मोहन प्रसाद मरासिनी

प्रमुख प्रशासकीय अधिकृत

नोट : दरखास्त फाराम नगरपालिकाको website www.devchulimun.gov.np मा उपलब्ध छ र पाठ्यक्रम सम्बन्धित पदका लागि लोकसेवा आयोगले निर्धारण गरे अनुसार हुनेछ । छनौट विधि देवचुली नगरपालिकाको करारमा प्राविधिक कर्मचारी छनौट गर्ने कार्यविधि, २०७६ (पहिलो संशोधन सहित) अनुसार हुनेछ । अन्य जानकारीका लागि देवचुली नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नुहोला ।


इमेल: devchulimunicipality@gmail.com